

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



श्रमिकको तलब बैंकमार्फत भुक्तानी गरौं,
भुक्तानी प्रणाली पारदर्शी बनाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ २१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 04 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७६


## तीन वर्षमा २५ प्रतिशत मात्र काम सम्पन्न

नितेश कर्ण, वीरगंज, २० जेठ/

सघन शहरी विकास कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिकामा सञ्चालित योजनाहरू तोकिएको म्यादमा एक वर्ष थप गर्दा पनि सम्पन्न हुन सकेका छैनन् ।



सघन शहरी तथा भवन निर्माण आयोजनाका प्रमुख प्रदीपकुमार सिंह । तस्वीरः प्रतीक

सघन शहरी तथा भवन निर्माण आयोजना पर्साका प्रमुख प्रदीपकुमार सिंहले सघन शहरी विकास कार्यक्रमका बहुवर्षीय ठेक्का स्वीकृत भएकामा पर्सा जिल्लाको वीरगंज महानगरपालिकामा १७ वटा सडकखण्ड स्तरोन्नतिको काम भइरहेको तर सो कामको प्रगति सन्तोषप्रद नरहेको बताए ।

वीरगंज महानगरपालिकाका विभिन्न सडकखण्डमध्ये हरपतगंज हाइवे–कलौटी–खुहाडी–रामपुर नदी, अपौनी विद्यालय–सौराहा टोला–हाइवे, इनर्वा–मनियारी, झागी टोल–श्रीपुर, मनियारी–रामजानकी रोड, नेशनल इन्फोटेक–लक्ष्मणवा छठघाट, प्रसौनी स्कूल–मनियारी–इनर्वा, परवानीपुर–ताजपुर, पटेलनगर–परवानीपुर, पूर्वारी टोल, पोखरी–वडा कार्यालय, रामगढवा पुल–स्कूल सडकखण्ड अन्तर्गतको करीब २६ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिको ठेक्का सकार गरेको स्वचछन्द/पप्पु/युनाइटेड बिल्डर्सले अहिलेसम्म २५ प्रतिशत मात्र काम सम्पन्न गरेको उनले बताए ।

रु १५ करोड २ लाखमा सकार भएको ठेक्कामा ४३ प्रतिशत भुक्तानी भइसकेको र २५ प्रतिशत मात्र काम सम्पन्न भएको प्रमुख सिंहले बताए ।

यसैगरी, वीरगंज महानगरपालिकाका विभिन्न १३ वटा वडामा सडक निर्माण तथा स्तरोन्नतिको ठेक्का रमण/श्यामसुन्दर/महावीर जेभी ललितपुरले लिएको छ ।

७४ करोड ८७ लाख रुपैयाँको यो योजनाको कार्य सम्पन्न हुन सकेको छैन । छपकैया पुल–भन्सार, लक्ष्मणवा नहरचोक–हाइवे, मेडिकल कलेज–हाइवे ढाट, मेडिकल कलेज–नगवा, मेडिकल कलेज–पुल, भन्सार–नगवा, आदर्शनगर सडक, त्रिशूलचोक, ओमआश्रम सडक, रानीघाट–घण्टाघर, अलौं चोक–सुगौली चोक, फिल्महल–धर्मशाला, कल्भर्ट, सुगौली प्रहरी चौकी–पदम रोड सडकखण्ड अन्तर्गत २६ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिको काम तीन वर्षअगाडि सकार गरे पनि अहिले एक वर्ष म्याद थप्दा पनि तोकिएको समयमा सम्पन्न हुने लक्षण देखिएको छैन ।


वीरगंज–२५ मौजे श्रीसियामा निर्माण हुन बाँकी सडक । तस्वीरः प्रतीक



पहिलो योजना २०७५/२/२ मा सम्झौता भएको थियो र २०७७/८/२ मा सम्पन्न हुनुपर्ने थियो तर एक वर्ष म्याद थप्दा पनि सो कार्य अहिले २५ प्रतिशतभन्दा बढी सम्पन्न भएको छैन । दोस्रो योजना पनि २०७५/१/३१ मा सम्झौता भएर २०७७/१/३० मा सम्पन्न गर्नुपर्नेमा ६/६ महीना अवधि गरी एक वर्ष म्याद थप गर्दा पनि सम्पन्न हुन सकेको छैन ।

प्रमुख सिंहका अनुसार लकडाउनको कारण कार्य प्रगति कम भएपनि समयमा सम्पन्न नगरे कानूनबमोजिम कारबाई गर्ने बताए । उनले दुईपटक म्याद थप भइसकेको कारणले अब तोकिएको समयमा ठेक्का सम्पन्न नभए ठेक्का रद्द गर्नेसम्मको कारबाई हुन सक्ने बताए ।

## सरकारको निर्णयप्रति प्रदेशको आपत्ति

प्रस, वीरगंज, २० जेठ/

प्रदेश २ सरकारका मुख्यमन्त्री लालबाबूराउत गद्दीले सङ्घीय सरकारले भारतसँग व्यापार घाटा न्यूनीकरणका लागि भन्दै ढुङ्गा, गिट्टी, बालुवा निकासीको व्यवस्था गरेकोमा आपत्ति जनाएका छन् ।

बिहीवार विज्ञप्ति प्रकाशित गर्दै मुख्यमन्त्री गद्दीले प्रदेश २ को सप्तरीदेखि पर्सासम्म फैलिएको चुरे पहाड प्रदेशको रक्षा कवच भएको बताउँदै प्रतिवर्ष बाढी, पहिरो, पानीको समस्या र कृषि उपजसमेतको समस्याबाट यहाँका जनता प्रताडित हुँदै आएको बताए । चुरे क्षेत्रको माटो कमजोर भएको र कमजोर भूबनोटका कारण यहाँबाट ढुङ्गा, गिट्टी निकाल्दा नदीको बहाव तीव्र हुने र बालुवा मधेसमा थुप्रेर जाने निश्चित रहेको बताए ।

चुरे क्षेत्र बालुवा, गिट्टीको स्रोत मात्र नभई प्राकृतिक सम्पदाको धनी भएको र प्रदेश सरकार मातहत रहेको वन सम्पदाको ठूलो हिस्सा चुरे क्षेत्रमा रहेको कारण यसको दोहनले सबै प्राकृतिक सम्पदाले आफ्नो बासस्थान गुमाउने भन्दै सङ्घीय सरकारलाई निर्णय सच्याउन आग्रह गरेका छन् ।

सरकारको निर्णय अदूरदर्शी भन्दै मुख्यमन्त्री गद्दीले प्रदेशबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्ने योजनाले देशको अन्नभण्डार प्रदेश २ को खेतीयोग्य जमीन मरुभूमीकरण हुने निश्चित भएको बताउँदै सरकारलाई निर्णय सच्याउन आग्रह गरेका छन् । उनले आग्रह अस्वीकार गरिए प्रदेश सरकारले आवश्यक कदम चाल्ने चेतावनी पनि दिएका छन् ।

## पर्सामा सङ्क्रमण दर घट्दै

प्रस, वीरगंज, २० जेठ/

नारायणी अस्पतालमा पिसिआर परीक्षण रिपोर्टबाट कोरोना सङ्क्रमितहरूको सङ्ख्या घट्दै छ। एक सातायतादेखि अस्पतालको पिसिआर रिपोर्टबाट सङ्क्रमित सङ्ख्या घटेको पुष्टि भएको हो ।

बुधवार साँझ १६० जनाको स्वाब परीक्षण गर्दा १४ जना सङ्क्रमित पुष्टि भएको अस्पतालका कोरोना फोकल पर्सन डा सरोजरोशन दासले बताए। सङ्क्रमित हुनेमा पर्साका ९, बारा/सर्लाहीका २/२ र रौतहटका १ जना छन् । उनीहरूको उमेर २४ देखि ८५ वर्ष रहेको र सिटी भ्याल्‍ू १८.२ देखि ३५.४ रहेको डा दासले बताए ।

यसैबीच, नारायणी अस्पतालमा बिहीवार ४ जना सङ्क्रमितको मृत्यु भएको अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए । बिहान अढाई बजे रौतहट, गुजरा नगरपालिका–७ निवासी ७० वर्षीया महिलाको मृत्यु भएको हो । उनले कोरोनाको पहिलो खोप लगाएकी थिइन् । महिलालाई जेठ १८ गते भर्ना गरिएको र उनमा जेठ १९ गते सङ्क्रमण पुष्टि भएको थियो ।

यसैगरी, वीरगंज–१७ अलौं निवासी ८० वर्षीय पुरुषको बिहान करीब ८ बजेतिर निधन भएको डा सिंहले बताए । उनले कोभिडविरुद्धको खोप लिएका थिएनन् । १७ गते भर्ना भएका उनको उपचारको क्रममा मृत्यु भएको हो ।

यसैगरी, वीरगंज–१६ नगवा निवासी ५५ वर्षीय पुरुषको दिउँसो १२:३० बजे निधन भएको थियो । यिनले पनि

(बाँकी अन्तिम पातामा)

## ठोरीका हरेराम खड्काद्वारा सगरमाथा आरोहण

प्रस, ठोरी, २० जेठ/

ठोरी गाउँपालिका–५ सुवर्णपुरका हरेराम खड्काले सगरमाथा आरोहण गरेका छन् । खड्का मङ्गलवार बिहान १० बजे सगरमाथा आरोहण गर्न सफल भएका हुन् ।

सन् २००५ देखि ट्रेकिङ गाइडका रूपमा काम गर्दै आएका खड्काले भारतीय र नेपाली गरी करीब ३० जनाको समूहसँग जून १ तारिखका दिन विश्वकै सर्वोच्च शिखर आरोहण गर्न सफल भएको टेलिफोनमार्फत जानकारी दिए। खड्काले वीरगंज महानगरपालिका र ठोरी गाउँपालिकाको नाम अङ्कित ब्यानर चुचुरोमा फहराएका थिए ।

यस वर्ष प्रतिकूल मौसमका कारण धेरै विदेशी पर्यटक चुचुरो नपुगेर आधार शिविरबाट फर्किएका खड्काले जानकारी दिए । यद्यपि दुई दिन मौसम अनुकूल हुँदा आफूहरू चुचुरोमा पुग्न सफल भएको उनले बताए ।

सगरमाथा आरोहणपश्चात् चुचुरोबाट नजीकै रहेको अन्तिम आधार शिविर आइपुगेका खड्काले सगरमाथा आरोहण गरेको वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगी र ठोरी गापाका अध्यक्ष


हरेराम खड्का ।

पद्मलाल श्रेष्ठलाई फोनमार्फत जानकारी गराएका थिए ।

यसअघि दुवै पालिकाले खड्कालाई सगरमाथा आरोहण गर्नका लागि आर्थिक सहयोग गरेका थिए। खड्कालाई वीरगंज महानगरले रु २ लाख ५० हजार र ठोरीले रु २ लाख नगद सहयोग गरेका थिए। गत चैत २९ गतेदेखि सगरमाथा आरोहण आरम्भ गरेका खड्का ५० दिनभन्दा बढी समय लगाएर सगरमाथाको चुचुरोमा पाइला टेक्न सफल भएका हुन्।

## वैवाहिक वर्षगाँठ मानव सेवा आश्रममा

प्रस, वीरगंज, २० जेठ/

वीरगंज पिपराका गुरुदेव उपाध्याय र उनकी पत्नी पदमा पोखरेल उपाध्यायले २५औं वैवाहिक वर्षगाँठ बिहीवार वीरगंज रानीघाटस्थित मानव सेवा आश्रममा मनाएका छन् ।

सो अवसरमा उपाध्याय दम्पतीले आश्रममा आश्रितहरूलाई आफैंले पस्केर खाना खुवाएका थिए । आश्रित एवं आश्रमका सेवकहरूले उपाध्याय दम्पतीलाई आशीर्वचन दिनुका साथै सफल दाम्पत्य जीवनको शुभकामना दिएका थिए।

अनावश्यक खर्च गरी वर्षगाँठ मनाउनुभन्दा असहाय, अशक्त, दीनदु:खीका साथ वर्षगाँठ मनाउनु सुखदायक रहेको उपाध्यायले बताए ।

उनले वैवाहिक वर्षगाँठ, जन्मदिन जस्ता अन्य खुशियाली असहाय, अशक्त, दीनदु:खीलाई आश्रय दिएको मानव सेवा आश्रममा मनाउन अरूलाई आग्रह गर्दै अबदेखि जन्मदिन, वर्षगाँठ जस्ता खुशियाली मानव सेवा आश्रममैं मनाउने बताए ।


उपाध्याय दम्पती मानव सेवा आश्रममा खाना पस्कँदै । तस्वीरः सौजन्य

कोरोना महामारीकालमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्दै उपाध्याय दम्पती मात्रै आश्रममा पुगेको र बाँकी आश्रमकै सदस्यहरू कार्यक्रममा सहभागी भएको सञ्चारकर्मी उर्मिला सापकोटाले बताइन् ।

आश्रमका संयोजक सानु गुरुङले सहजीकरण गरेको कार्यक्रममा आश्रमका सहसंयोजक मुन्ना लिम्बु र सञ्चारकर्मी सापकोटाले सहयोग पुऱ्याएका थिए । आश्रममा असहाय, अशक्त, अपाङ्गसहित विभिन्न उमेरका ४७ जना आश्रित छन् ।

## छोटकरी

### छापामारी गर्न आएका प्रहरी लखेटिए

प्रस, सिम्रौनगढ, २० जेठ/

भारतको जितना थाना क्षेत्र अन्तर्गत पर्ने बडौला गाउँको एउटा घरमा प्रहरीले छापामारी गर्दा गाउँलेहरूले प्रहरीलाई कुटपिट गरी लखेटेका छन् ।

बाराको पचरौता नगरपालिकासँग जोडिएको भारतीय क्षेत्रको बडौलाको एउटा घरमा तस्करीबाट मदिरा भण्डारण गरेको सूचनाको आधारमा प्रहरीले छापामारी गर्दा महिला, पुरुषहरू मिलेर प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। थोरै सङ्ख्यामा प्रहरी रहेका कारण गाउँलेले प्रहरीलाई धपाउन सफल भए। घटना सम्बन्धमा प्रहरीले १० जनाविरुद्ध मुद्दा दर्ता गरेको छ।

## विचारसार र सूक्तिहरू

सन्मार्गमा हिंड्दा मानिसले नराम्रो भन्दछन् भने यो त्यसभन्दा राम्रो हो कि कुमार्गमा हिंड्दा मानिसले तिम्रो प्रशंसा गरून्। –शरतचन्द


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## निषेधाज्ञाको विकल्प नै छैन


**यसो त विकल्परहित केही पनि हुँदैन । कोरोना नियन्त्रणको लागि पनि निषेधाज्ञाबाहेक विकल्प नभएको होइन, तर सरकारको बेवास्ता र जनसरोकारका कामप्रति चरम उदासीनताले गर्दा आज महीना दिन बढी समयदेखि लकडाउनको सास्ती झेल्नुपरिरहेको छ । कोरोनाको खोप बजारमा आइसकेको अवस्थामा पनि सरकारमा औषधि खरीद गर्ने तत्परता अपेक्षितरूपमा देखिएको छैन । एक त हामीकहाँ सङ्क्रमण परीक्षण गर्ने पर्याप्त मेशिन उपलब्ध छैन। भएका पनि बिग्रिरहने, मरम्मतका लागि दक्ष जनशक्तिको अभाव, प्रशासन र जनप्रतिनिधिहरूबीच आपसी तालमेलको अभावले कैयौं ठाउँमा त भएको उपकरणको पनि प्रयोग हुन सकिरहेको छैन । उपरीमाथि थुपरी भनेझैं हाम्रो जनता झन् उपबुज्रुक छ। विषय विज्ञहरूले जानेको कुराभन्दा बढी जानकारी भएको भ्रम उसमा व्याप्त छ । स्वभावत: कोरोनाले राम्रै क्षति पुऱ्याएको छ । त्यसैले काम गर्न नचाहने सरकारका लागि निषेधाज्ञा नै सर्वोत्तम उपाय देखिएको छ । हप्ता–हप्ता गर्दै देशका प्राय: जिल्लाहरूमा छैटौंपटक निषेधाज्ञा जारी गरिएको छ ।**

**धेरै मानेमा यसलाई सरकारको अचाक्ली मान्न सकिन्छ। कुनैकुनै जिल्लामा शुरूमा निषेधाज्ञा लागू गर्ने आवश्यकता देखिएन । बुझाइ के थियो भने उक्त जिल्ला कोरोना सङ्क्रमणबाट प्रभावित छैन । एकजना अल्लारेले भन्थ्यो–थाहा छ, कोरोना कसरी लाग्छ ? परीक्षण गराएपछि। परीक्षण नगराऊ कोरोना लाग्दैलाग्दैन । सरकारको पारा यसै किसिमको रह्यो। जब मानिस भकाभक मर्न थाले, अनि सरकार र प्रशासन हतारियो । तबसम्म मानिसको ज्यान गएको सङ्ख्याले हजार छोइसकेको थियो। सरकार स्वयंलाई त कोरोनाले केही असर पारेकोजस्तो महसूस भएको छैन । यहाँ कुर्सी खोसाखोस जारी छ । देशका प्रधानमन्त्रीले नै विदेशी सञ्चारमाध्यमहरूलाई देशमा कोरोनाको प्रभाव न्यून भएको बताएकै हुन्। कोरोना सर्न नदिन, बेसार–पानी खान सल्लाह दिएकै हुन्। उनीमाथि विश्वास गर्नेले त्यसो गरिदिएको भए र नपत्याउनेले कम्तिमा कोरोना सङ्क्रमण नसर्ने मापदण्ड पालना गरिदिएको भए, साँच्चीकै कहालीलाग्दो गरी कोरोनाबाट भयभीत हुनुपर्ने आवश्यकता थिएन । हामीकहाँ समस्याको समाधान समस्या लुकाउनमा सीमित रहन्छ । पहिलेपहिले जिल्लाहरूमा चोरी–डाँकाजनी नियन्त्रणमा छ भनेर तथ्याङ्क देखाउन प्रहरी कार्यालयहरूले यस्ता मुद्दा नै दर्ता गर्दैनथे । भएन चोरी–डाँकाजनीबाट सुरक्षा ?**

**अहिले पनि त्यही चाल छ, परीक्षण नगऱ्यो र भाषण ठोकिदियो–कोरोनाले केही बिगार गरेको छैन । यसैपनि निषेधाज्ञाले गर्दा जनता घरबाहिर निस्केको छैन । जसलाई सङ्क्रमण भएको छ, त्यसको जानकारी सरकारलाई छैन । अस्पतालहरूको चाला हेरेर मानिसहरू यसै पनि होम आइसोलेशनमा बस्न रुचाउन थालेका छन् । हो, सान्है गाऱ्हो पऱ्यो भने पहुँचवालाले सक्दो इन्तजाम गर्छ, जसको पहुँच छैन उसले ज्यान फाल्छ । कोरोनाको कसैले नाम लिंदैन । जनता धर्मभीरु छ । कोरोनाले मरेको प्रचार भयो भने धर्मको क्षति हुन्छ । कर्मकाण्डविहीन अन्तिम संस्कार हुन्छ । थाहा नदिएर जनताले धर्मको रक्षा गरिरहेको छ । सरकारको तथ्याङ्कमा त्यो सङ्ख्या समेटिंदैन । तैं खुश, मैं खुश । यस्तो विचारहीनतामा निषेधाज्ञाको विकल्प के हुन सक्दछ ? तर कति दिन ? कोरोना त नयाँ–नयाँ संस्करणमा आइरहेको छ ।**

# विश्व अर्थव्यवस्थामा कोरोना सङ्कटको अत्यधिक कुप्रभाव

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**बलियो इच्छाशक्तिसहित प्रभावकारी नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरेर, त्यसको तत्परतापूर्वक कार्यान्वयन गरेर कोरोना सङ्कटको दुष्प्रभाव न्यूनीकरण गरेर नागरिकको जीवन ज्यादै कष्टकर हुनबाट जोगाउन सकिन्छ ।**

आर्थिक महामन्दीले कुनै एक देश वा विश्वको कुनै एक क्षेत्रलाई प्रभावित गर्छ। त्यस देश वा क्षेत्रको अर्थतन्त्रलाई सुस्त पार्छ । त्यहाँका नागरिकहरूको आर्थिक एवं सामाजिक जीवन कष्टकर पार्छ। यो कारणले गर्दा पनि आर्थिक महामन्दी त्यति गम्भीर समस्याको रूपमा प्रस्तुत हुँदैन, जुन रूपमा विश्व अर्थतन्त्रका लागि कोरोना सङ्कट प्रस्तुत भएको छ। कोरोना सङ्कटले सम्पूर्ण विश्व र प्रत्येक राष्ट्रको अर्थ व्यवस्थालाई नराम्ररी प्रभावित पारेको छ । विश्वभरिका व्यक्तिहरूको आर्थिक एवं सामाजिक जीवन कष्टकर पारेको छ। भविष्य नै अनिश्चित पारेको छ ।

धनी राष्ट्रहरूको आर्थिक संरचना बलियो भएकाले ती राष्ट्रहरूले कोरोनाले पार्ने आर्थिक प्रभावलाई उचित व्यवस्थापनद्वारा कम पार्न सक्छन् र त्यस्तो गरिरहेका पनि छन् । तर विकासशील राष्ट्रहरूका लागि भने कोरोना समस्या प्रलयजस्तो देखिन थालेको छ । नेपालको लागि कोरोना सङ्कट एउटा गम्भीर दीर्घकालीन समस्याको रूपमा प्रस्तुत हुँदैछ। निर्णय तहमा रहेका योजनाकारहरू, अर्थशास्त्री एवं विज्ञहरूले कोरोना सङ्कटले ल्याउने आर्थिक अनिश्चितताको सामना गर्ने नीति तथा कार्यक्रम समयमा न ल्याउने हो भने नेपाल जस्तो गरीब राष्ट्र ठूलो आर्थिक सङ्कटमा पर्न सक्छ । मुलुक गरीबीको दलदलमा दीर्घकालका लागि भासिन सक्छ। टाट पल्टिन सक्छ।

विश्व अर्थव्यवस्थाको निम्न क्षेत्रहरूमा कोरोना सङ्कटले नराम्रो असर पार्ने देखिन्छ । विकासशील वा निर्धन राष्ट्रहरूमा कोरोना सङ्कट घातक रूपमा प्रस्तुत हुने सङ्केत देखिएको छ ।

**रोजगार**: कोरोनाले सर्वाधिक कुप्रभाव रोजगार क्षेत्रमा पार्ने देखिन्छ। खासगरी समूहमा रहेर काम गर्ने प्रकृतिका कार्यहरू कोरोना सङ्कटबाट बढी प्रभावित हुने भएकाले त्यस किसिमका कार्यहरू बढी प्रभावित हुनेछन् र यो कारणले गर्दा विश्व-रोजगारमा सङ्कुचन आउने छ । यो समस्या विश्वभरि नै देखिने छ तर बढी प्रभावित भने गरीब राष्ट्रहरू हुनेछन्। दक्षिण अमेरिका, अफ्रिका र एशियाका निर्धन राष्ट्रहरूमा बेरोजगारी लामो समयसम्म र पीडादायी किसिमले देखिने छ।

**उत्पादन**: कोरोना सङ्कटले उत्पादनको क्षेत्रलाई पनि नराम्ररी प्रभावित पार्नेछ । विशेषगरी गरीब राष्ट्रहरूमा उत्पादन समस्या चर्कोरूपमा देखिने छ। ती राष्ट्रहरूमा उत्पादन घटेर जानेछ। गरीब राष्ट्रहरूमा मुख्यत: कृषि उत्पादनका लागि उच्च प्रविधि प्रयोग नहुने र समूहगत रूपमा मानवीय श्रम प्रयोग गरी उत्पादन गरिने हुँदा निर्धन राष्ट्रको कृषि उत्पादनमा अत्यधिक ह्रास आउने छ। कृषि उत्पादनमा आउने ह्रासले भोकमरीको समस्या पनि आउन सक्ने छ । कोरोना सङ्कट निर्धन राष्ट्रहरूका लागि टाउकोमाथि झुन्डिएको तरबार हुन सक्छ। यदि यी राष्ट्रहरूले कोरोना सङ्कटलाई गम्भीरतापूर्वक नलिने हो र व्यवस्थापनका पूर्व कदम नचाल्ने हो भने। धनी राष्ट्रहरूको स्थिति भने पृथक हुनेछ। धनी राष्ट्रहरूमा कृषि क्षेत्र मात्र होइन, औद्योगिक तथा व्यापारिक क्षेत्रमा पनि उच्च प्रविधिको प्रयोग, न्यूनतम प्रत्यक्ष मानवीय श्रमको प्रयोगले गर्दा धनी राष्ट्रहरूको उत्पादन व्यवस्था उठ्नै नसक्ने गरी प्रभावित हुनेछैन। नियन्त्रणभित्र नै रहने छ।

**बचत**: कोरोना सङ्कटले विश्वभरि बचतको समस्या ल्याउने छ। विशेषगरी गरीब राष्ट्रहरूमा बचत चुनौतीको रूपमा देखा पर्नेछ। कोरोना सङ्कटले गर्दा जति आम्दानी भयो त्यो उपभोग (जीवनरक्षा) मा नै खर्च हुने भएकोले बहुसङ्ख्यक व्यक्ति एवं परिवारसँग बचत हुने छैन। उधारो गरेर कुनै परिवार बाँचेझैं कुनै देश अन्य बाह्य स्रोतसँग ऋण लिएर बाँच्नुपर्ने स्थिति हुन सक्नेछ। यो स्थिति बढी मात्रामा अफ्रिकाका अति निर्धन राष्ट्रहरूमा देखा पर्न सक्छ । नेपालमा पनि देखा पार्न सक्छ । नेपालले लिने वैदेशिक ऋणको मात्रामा उच्च वृद्धि हुन सक्नेछ।

**लगानी**: कोरोना सङ्कटले लगानीको क्षेत्रमा दुई किसिमले प्रभाव पार्नेछ । प्रथम, यसले लगानीमा अनिच्छा उत्पन्न गर्नेछ। दोस्रो यसले लगानीको परिमाणमा उल्लेख्य कमी ल्याउने छ । भोलिका दिनमा बजारमा के कस्तो स्थिति देखिने छ भन्ने डर एवं त्रासले गर्दा पर्याप्त बचत हुनेहरू पनि लगानी गर्न अनिच्छुक हुनेछन् । बजारमा देखिएको अनिश्चितताले गर्दा लगानी गर्न सक्नेहरूले पनि लगानी गर्ने छैनन्, जसले गर्दा उत्पादनको क्षेत्रमा ठूलो सङ्कुचन आउन सक्छ । यसैगरी सामान्य आम्दानी हुनेहरूसँग बचत नहुने स्थिति भएकोले बचतको कुल परिमाणमा ठूलो कमी आउने छ।

**कर**: कर सङ्कलनको स्थिति पनि दयनीय हुनेछ । कुनै पनि राज्य त्यस राज्यका नागरिकहरूले दिएको करको आधारमा चल्ने हुनाले कर सङ्कलनमा आएको उच्चतम कमीले गर्दा केही राष्ट्रलाई राज्य सञ्चालन गर्न समस्या हुनेछ । अर्थात् केही गरीब राष्ट्र टाट पल्टिने स्थितिमा पुग्न सक्छन् । देशमा उत्पन्न दरित्रताले गर्दा गरीब राष्ट्रका नागरिक ज्यान जोगाउन धनी राष्ट्रतिर भाग्नुपर्ने बाध्यता आउन सक्छ ।

आम्दानी भए मात्र कर तिर्ने र आम्दानी नभएको बेला उल्टो राज्यबाट आर्थिक सहयोगको अपेक्षा गर्नुपर्ने स्थिति एकातिर, कोराना सङ्कटले गर्दा व्यक्तिहरूको रोजगार गुमेको समस्या अर्कोतिरजस्तो समस्याले गर्दा राष्ट्रहरूले कर सङ्कलनमा ठूलो चुनौती बेहोर्नुपर्नेछ। कर प्राप्तिमा भारी कमी आउने छ।

**वितरण**: वितरण व्यवस्थामा पनि कोरोना सङ्कटले अत्यधिक कुप्रभाव पार्नेछ। बढी मानवीय सम्पर्कको आवश्यकता पर्ने वितरण व्यवस्थाहरू कोरोना सङ्कटबाट प्रभावित हुनेछन्। बैंक, बजार, रेल, बसजस्ता व्यवस्था, जहाँ सेवाग्राहीको भीड लाग्नु स्वाभाविक हुन्छ, कोरोना सङ्कटले नराम्ररी चपेटामा पार्नेछ। कोरोना सङ्कटले वितरण व्यवस्थालाई सुस्त पार्नेछ र परिणामस्वरूप जे जति उत्पादन हुनेछ, त्यसलाई पनि उपभोक्ता समक्ष पुऱ्याउन कठिन हुनेछ ।

**आपूर्ति**: कोरोना सङ्कटले गर्दा उत्पादनमा कमी आउने छ। उत्पादनमा कमी आउने बित्तिकै आपूर्तिमा पनि कमी आउने छ । यसरी कोरोना सङ्कटले आपूर्तिमा पनि कमी ल्याउने छ । आपूर्तिमा आएको कमीले उपभोगको परिमाणमा पनि कमी ल्याउने छ । उपभोग कम हुना साथ उत्पादन पनि कम हुनेछ। यसरी कोरोना सङ्कटले गर्दा विश्व अर्थ व्यवस्थामा बहुपक्षीय कुप्रभाव पार्नेछ । कोरोना सङ्कटले विश्व अर्थ व्यवस्थालाई आफ्नो कुचक्रमा पार्ने ठूलो सम्भावना छ ।

विभिन्न रोग लागेर शरीर कमजोर भएझैं कोरोना सङ्कटले पनि विभिन्न किसिमका समस्याहरू उत्पन्न गराएर, विश्व अर्थ व्यवस्थालाई कमजोर पार्ने देखिन्छ ।

### सङ्कटका समाधानका उपायहरू

मानव सभ्यता विकासको इतिहास हेर्न हो भने प्रत्येक समस्या समाधानसहित आएको छर्लङ्ग हुन्छ । गम्भीरतापूर्वक खोजी गर्ने हो भने प्रत्येक समस्याको समाधान देखिन्छ। उदाहरणको रूपमा हालको स्थितिलाई नै लिउँ । कोरोना भाइरसको सङ्क्रमणले गर्दा ठूलो सङ्ख्यामा मानिस एकै ठाउँमा जम्मा हुँदा वा सभा सम्मेलन गर्दा यो सङ्क्रमण तत्काल धेरै जनमा सर्ने ठूलो समस्या देखियो । तर यो समस्या समाधान गर्न वा विनाजोखिम ठूलो सङ्ख्यामा मानिस उपस्थित हुन सक्ने अवस्था सृजना गर्न ‘जुम’ प्रविधिको जन्म वा प्रयोगमा विस्तार भयो। जुमले गर्दा अहिले ठूलो सङ्ख्यामा मानिसहरू भौतिकरूपमा नजीक नभएर वा नटाँसिएर पनि सम्पर्क गर्न सक्छन्, भेटघाट गर्न सक्छन् । मिटिङ, सभा, सम्मेलन गर्न सक्छन् । जहाँ इच्छा त्यहाँ उपाय।’ अर्थात् इच्छा गरे उपाय स्वत: देखिन्छ ।

कोरोना सङ्कटले उत्पन्न गर्ने आर्थिक एवं सामाजिक समस्या समाधान गर्न गरीब राष्ट्र र तिनका सरकारहरूले राम्रो गृहकार्य गर्ने हो भने यो सङ्कटको व्यवस्थापन गर्न सकिन्छ । यो सङ्कटले पार्ने कुप्रभाव न्यून गर्न सकिन्छ। बलियो इच्छाशक्तिसहित प्रभावकारी नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरेर, त्यसको तत्परतापूर्वक कार्यान्वयन गरेर कोरोना सङ्कटको दुष्प्रभाव न्यूनीकरण गरेर नागरिकको जीवन ज्यादै कष्टकर हुनबाट जोगाउन सकिन्छ ।

कोराना सङ्कटले पार्न सक्ने कुप्रभार्व कम पार्ने अनेक उपाय हुन सक्छ । उदाहरणको रूपमा एक वा दुई व्यक्ति मात्र उपस्थित हुनुपर्ने किसिमको कार्य स्थलको विकास गरेर, उत्पादन एवं वितरण व्यवस्थामा कमभन्दा कम व्यक्ति उपस्थित हुनुपर्ने अवस्था सृजना गरेर, मानव उपस्थितिविना हुने कार्य–ढाँचा निर्माण गरेर (जस्तै विकसित मुलुकहरूमा केही तोकिएको सामान बिक्री गर्न मानिस चाहिंदैन, भेन्डिंग मेशिनले नै बिक्री गर्ने कार्य गर्छ), भौतिक दूरी राखेर बसमा बस्न सकिने र यात्रा गर्न पाइने यातायात सुविधाको विकास गरेर, कोरोना सङ्कटको समयमा पनि व्यापारिक कार्य सञ्चालन गर्न सकिन्छ र यो सङ्कटको व्यवस्थापन उचित किसिमले गर्न सकिन्छ ।

कोरोना सङ्कटलाई लघुकालीन समस्या ठानेर यसको बेवास्ता गर्न मिल्दैन। गरीब राष्ट्रहरूले त झनै मिल्दैन। गरीब राष्ट्रहरूलाई यो समस्याले आउँदो दशौं वर्षसम्म प्रभावित पार्न सक्छ। त्यसकारण गरीब राष्ट्रहरू कोराना सङ्कट र यसले पार्न सक्ने आर्थिक कुप्रभावप्रति ज्यादै गम्भीर हुन जरूरी छ । नेपाल त झनै थप गम्भीर हुन र यो सङ्कट समाधान गर्ने पूर्व तयारीका साथ लाग्न जरूरी छ ।

# नेपालमा १० जना कालो ढुसीका बिरामी भेटिए

काठमाडौं, २० जेठ/रासस

नेपालमा पनि कालो ढुसी (ब्ल्याक फङ्गस)का बिरामी भेटिएका छन् । नेपालमा अहिलेसम्म १० जनामा कालो ढुसीको बिमारी पुष्टि भएको जनाइएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले पुष्टि भएकामध्ये आठजना मन्त्रालयको सम्पर्कमा र अन्य दुई सम्पर्कमा नआएको बताए । उनका अनुसार कालो ढुसीका बिरामी नेपालगंज, वीरगंज र काठमाडौंका रहेका छन्। यस अघि कालो ढुसीका बिरामी भारतमा फेला परेका थिए ।

कालो ढुसीले कोभिड–१९ भएका बिरामीको आँखा, नाक र अनुहार बिगार्ने गर्दछ । यो सङ्क्रमण बिरलै देखिने तर सङ्क्रमण गम्भीर भए प्राणघातक हुन सक्ने उनले बताए। अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने, आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने, आँखाका ढकनी सुन्निने र ढकनी झुक्ने, ज्वरो आउने, आँखाले धमिलो देख्ने, नाकबाट रगत र बाक्लो सिंगान आउने, दाँत दुख्ने वा हल्लिनेजस्ता लक्षण देखा पर्ने गर्दछ।

कोभिड–१९ जस्तै यो रोग नसर्ने भए पनि ४५ देखि ६५ उमेर समूहका मधुमेह वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका र धेरै खाले एन्टिबायोटिक वा स्टेरोइड औषधिको लामो समयसम्म प्रयोग गर्नेलाई कालो ढुसी लाग्ने गर्दछ ।

### बच्ने उपाय

कालो ढुसीबाट बच्नका लागि सफा र सुक्खा मास्क प्रयोग गर्ने, मास्क धोएर प्रयोग नगर्ने, नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, घर बाहिर वा फोहरमा काम गर्नुपरे डिस्पोजेबल पञ्जा प्रयोग गर्ने, धेरै धूलो भएको र ओसिलो ठाउँमा नजाने, नुनिलो पानीले नाक सफा गर्नुपर्दछ ।

यस्तै पोभिडोन आयोडिन भएको तरल पदार्थले कुल्ला गर्ने, जथाभावी एन्टिबायोटिक औषधि सेवन नगर्ने, मधुमेह भएका बिरामीले मधुमेह नियन्त्रण गर्ने र स्वास्थ्यकर्मीको सल्लाहमा मात्र औषधि सेवन गर्नुपर्दछ ।

# नेप्से हालसम्मकै उच्च बिन्दुमा

काठमाडौं, २० जेठ/रासस

शेयर बजारमा पछिल्ला दिनमा लगातार नयाँ–नयाँ रेकर्ड कायम हुन थालेका छन्। कोरोना कहरका कारण मुलुकभर नै निषेधाज्ञा जारी छ। आम मानिस घरभित्रै छन्। व्यापार–व्यवसाय प्राय: ठप्प जस्तै छ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा भने नयाँ खालका कीर्तिमान कायम भइरहेका छन्।

नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार मापक नेप्से परिसूचक हालसम्मकै उच्च स्थानमा पुगेको छ । यस्तै, कारोबार रकम पनि झन्डै रु १७ अर्बको हाराहारीमा पुगेको छ। कोरोना कहर र निषेधाज्ञाले बजारलाई प्रभावित पार्न नसक्नुको पछाडि प्रविधिको प्रयोगलाई लिइएको छ। विद्युतीयरूपमा नै घरमैं बसेर सहजरूपमा शेयर कारोबार हुन पाएका कारण विषम अवस्थामा समेत उल्लेखनीय इतिहास कायम भएको लगानीकर्ताको विश्लेषण रहेको छ।

नेप्सेमा बिहीवार २९.५५ अङ्कले वृद्धि भई दुई हजार ८५६.६७ मा पुगेको छ। यो हालसम्मकै उच्च बिन्दु हो । यस्तै,

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलको राष्ट्रपतिमा आइज्याक हर्जोग निर्वाचित

जेरुसेलम, २० जेठ/एपी

इजरायलको राष्ट्रपतिमा वरिष्ठ राजनीतिज्ञ आइज्याक हर्जोग निर्वाचित भएका छन् ।



इजरायलका नवनिर्वाचित राष्ट्रपति आइज्याक हर्जोग । तस्वीरः एएफपी

देशको एघारौं राष्ट्रपतिका रूपमा निर्वाचित हर्जोगले १२० सदस्यीय इजरायली संसद्बाट ८७ मत प्राप्त गरेका थिए । इजरायलमा हाल रूभेन रिभलिन राष्ट्रपति छन् । उनको कार्यकाल अर्को महीना समाप्त हुँदैछ ।

आलङ्कारिक मानिने इजरायलको राष्ट्रपतिको कार्यकाल सात वर्षको हुन्छ । हर्जोगले राष्ट्रपतिका अर्का उम्मेदवार मेरियम पेरेजलाई पराजित गरेका थिए ।

चुनावी नतीजा सार्वजनिक भएलगत्तै नवनिर्वाचित राष्ट्रपति हर्जोगले आफू सबै जनताको राष्ट्रपति हुने विश्वास व्यक्त गरे । साठी वर्षीय हर्जोगले भने, "हामीले इजरायलको अन्तर्राष्ट्रिय छविलाई सुदृढ गर्नुपर्नेछ र इजरायलविरोधी भावनालाई हटाउन प्रयत्न गर्नुपर्नेछ । साथै हाम्रो लोकतन्त्रको स्तम्भलाई संरक्षण गर्नुपर्दछ ।"

हर्जोग यसअघि लाबोर पार्टीको पूर्वप्रमुख रहनुका साथै सन् २०१५ मा संसद्मा विपक्षी दलका नेता थिए । उनी सन् २०१५ को चुनावमा प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको विरुद्धमा चुनावी मैदानमा उत्रिएका थिए ।

हर्जोग इजरायलको प्रभावशाली जियोनिस्ट परिवारका सदस्य हुन् । उनका बुबा चाइम हर्जोग पनि इजरायलका राष्ट्रपति र संयुक्त राष्ट्रसङ्घका लागि इजरायली राजदूत थिए । उनका काका अब्बा एबान पनि इजरायलका पहिलो विदेशमन्त्री रहेका थिए ।

अर्की उम्मेदवार ६७ वर्षीय पेरेज बढी अनुदारवादी र राष्ट्रवादी स्वभावकी हुन् । उनी मोरक्कोबाट सानैमा इजरायल बसाइँ सरेकी थिइन् ।

उनले इजरायलमा शिक्षिका, शिक्षाकर्मी र यहूदी धर्मको बारेमा अध्यापकका रूपमा सेवा गरेकी छन् । उनका दुई छोराको इजरायली सैनिक सेवामैं रहँदा मृत्यु भएको थियो ।

सन् २०१८ मा उनलाई इजरायलको सर्वोच्च पदक "इजरायल प्राइज"बाट सम्मानित गरिएको थियो ।

राष्ट्रपतिमा निर्वाचित हुन इजरायली संसद् नेसेटको १२० स्थानमध्ये कम्तीमा ६१ स्थान प्राप्त गर्नुपर्दछ । विजयी उम्मेदवारले आगामी जुलाई ९ बाट कार्यभार सम्हाल्नेछन् । रासस

## भारतमा कोभिडबाट एकै दिन एक लाख ३४ हजार सङ्क्रमित

नयाँ दिल्ली, २० जेठ/एएनआई

भारतमा पछिल्लो २४ घण्टामा कोभिड–१९ बाट थप एक लाख ३४ हजार सङ्क्रमित भएका छन् । योसहित भारतमा हालसम्म दुई करोड ८४ लाख ४१ हजार व्यक्ति कोरोना सङ्क्रमित भइसकेको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा पछिल्लो २४ घण्टामा सक्रिय सङ्क्रमितको सङ्ख्यामा ८० हजार २३२ ले कमी आएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या १७ लाख १३ हजार रहेको छ । पछिल्ला केही दिनदेखि दैनिक सक्रिय सङ्क्रमितको सङ्ख्या ६.२१ प्रतिशतले कमी आएको मन्त्रालयको भनाइ छ ।

कोभिड–१९ बाट सङ्क्रमितमध्ये २४ घण्टाको अवधिमा थप दुई हजार ८८७ व्यक्तिको मृत्यु भएको छ । योसहित भारतमा हालसम्म कोभिड–१९ सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या तीन लाख ३७ हजार ९८९ पुगेको छ ।

यसैबीच, दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा निको हुने दर २१ दिनदेखि निरन्तर बढेको छ । पछिल्लो २४ घण्टामा दुई लाख ११ हजार ४९९ व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । भारतमा हालसम्म दुई करोड ६३ लाख ९० हजार व्यक्ति सङ्क्रमणमुक्त भइसकेका छन् । निको हुने दर ९२.७९ प्रतिशत रहेको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ ।

परिषद्का अनुसार देशभर ३५ करोड ३७ लाख ८२ हजार नमूना परीक्षण गरिएको छ भने बुधवार एकै दिन २१ लाख ५९ हजार नमूना परीक्षण गरिएको छ । मन्त्रालयका अनुसार भारतमा हालसम्म २२ करोड १० लाख ४३ हजार डोज खोप लगाइएको छ ।

### कोभिड-१९ को पछिल्लो अवस्था

कोरोना भाइरस महामारीका कारण बिहीवार अपराह्नसम्म ३७ लाखभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । कोभिडबाट सबैभन्दा बढी संयुक्तराज्य अमेरिकामा छ लाख ११ हजार व्यक्तिको ज्यान गएको छ ।

दोस्रो स्थानमा रहेको ब्रजीलमा चार लाख ६७ हजार, भारतमा तीन लाख ३८ हजार, मेक्सिकोमा दुई लाख २८ हजार, पेरूमा एक लाख ८४ हजार, बेलायतमा एक लाख २७ हजार, इटालीमा एक लाख २६ हजार, रूसमा एक लाख २२ हजार, फ्रान्समा एक लाख ९ हजार, कोलम्बियामा ८९ हजारको मृत्यु भएको छ ।

विश्वभर १७ करोड २४ लाखभन्दा बढी व्यक्ति कोभिड–१९ बाट सङ्क्रमित भएकामध्ये १५ करोड ५० लाख सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमित व्यक्तिमध्ये करीब ९० हजार व्यक्तिको स्वास्थ्य अवस्था जटिल रहेको छ ।

विश्वभर करीब एक अर्ब ९८ करोड डोज खोप लगाइएको छ जसमा चीनमा गरिएको खोप अभियान समेटिएको छैन । सिन्ह्वाका अनुसार चीनमा बुधवारसम्म ७० करोडभन्दा बढी डोज खोप लगाइएको छ । रासस


## ब्रजीलमा कोभिडबाट २४ घण्टामा २ हजार ५०० भन्दा बढीको मृत्यु

साओ पाओलो २० जेठ/सिन्हवा

ब्रजीलमा गएको २४ घण्टायता कोभिड–१९ सङ्क्रमणबाट २ हजार ५०० भन्दा बढी नागरिकको ज्यान गएको छ । बुधवार २ हजार ५०७ जना कोराना सङ्क्रमित नागरिकको मृत्यु भएको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

योसँगै कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या चार लाख ६७ हजार ७०६ पुगेको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार मङ्गलवार मात्र पनि यहाँ कोभिड–१९ सङ्क्रमणमा परेका दुई हजार भन्दा बढी मानिसको एकै दिन ज्यान गएको थियो ।

यहाँका अधिकारीहरूले पछिल्लो समयमा ब्रजीलमा कोरोना सङ्क्रमितको ज्यान जाने क्रममा उल्लेख्य मात्रामा कमी आउन नसकेको बताएका छन् । कोरोना भाइरस सङ्क्रमण शुरू भएबाट ब्रजीलमा हालसम्म एक करोड ६७ लाख ४१ हजार जनाभन्दा बढीमा सङ्क्रमण भएको बताइएको छ । रासस




### नेप्से हालसम्मकै .............

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ७.९६ अङ्कले बढेर ५१३.११ मा पुगेको छ । कुल २१८ कम्पनीको तीन करोड ४६ लाख ९१ हजार ३१२ कित्ता शेयर रु १६ अर्ब ९० करोड ७० लाख २० हजार २८६ मूल्यमा खरीद–बिक्री भए । साताको कारोबार हुने अन्तिम दिन बिहीवारको कारोबारपछि बजार पूँजीकरण रु ३९ खर्ब ६४ अर्ब २१ करोड २१ लाख ५१ हजार ९९९ बराबर पुगेको छ । बजार पूँजीकरण पनि हालसम्मै उच्च भएको नेप्सेले जनाएको छ ।

कारोबारका आधारमा नेपाल पुनर्बीमा कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको रु एक अर्ब दुई करोड ७० लाख २७ हजार २८७ बराबरको कारोबार भयो । यस्तै, छिमेक लघुवित्त विकास बैंक रु ६८ करोड १६ लाख ५० हजार १५९, लुम्बिनी विकास बैंक रु ३५ करोड पाँच लाख ९२ हजार ६०२, नेपाल बङ्गलादेश बैंक रु ३३ करोड २२ लाख ७० हजार ७३६ र नेपाल पूर्वाधार बैंकको रु ३३ करोड १३ लाख ८६ हजार ७७४ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

यसैगरी, मञ्जुश्री फाइनान्स र महिला लघुवित्तको शेयरमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लागेको छ । गुर्खाज फाइनान्स ९.६८, ग्रीन डेभलपमेन्ट बैंक ९.५५, साइन रेसुङ्गा डेभलपमेन्ट बैंकका लगानीकर्ताले ७.९५ प्रतिशतले कमाए । त्यस्तै, पञ्चकन्या माई हाइड्रोपावर ५.९२, राधी विद्युत् कम्पनी ५.०६, वरुण हाइड्रोपावर ४.८८, घलेम्दी हाइड्रो ४.४१, नारायणी डेभलपमेन्ट बैंकका लगानीकर्ताले ४.३५ प्रतिशतले गुमाए ।

# वातावरणीय चुनौतीका बीच थालिएको पहल

सन्दर्भः विश्व वातावरण दिवस

कृष्ण अधिकारी, काठमाडौं, जेठ २१/रासस

विश्वव्यापीरूपमा बढ्दो वातावरण विनाश र यसले जलवायु प्रणालीमा पारेको प्रभावका कारण प्राणी र वनस्पति जगत्का लागि आगामी दिन अझ कठिन बन्दै जाने देखिएको छ । बढ्दो जीवाश्म इन्धनको खपत र प्राकृतिक स्रोत साधनको अधिक दोहनले गर्दा विश्वव्यापी तापमानमा वृद्धि भई अनेक प्राकृतिक विपद् र अनेक रोगव्याधिका घटना बढ्न थालेपछि केही वर्षयता विश्वव्यापीरूपमा यसको रोकथामका विभिन्न प्रयासहरू प्रारम्भ भएपनि अझै ठोस पहल भने हुन सकेको छैन ।

आज विश्व कोभिड रोगबाट जसरी आतङ्कित बनेको छ, भोलि वातावरणीय प्रदूषणका कारण निम्तिने असर धेरै गुणा बढी जोखिमपूर्ण हुने विज्ञहरूले बताएका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार विश्व महामारीबाट फर्कँदै गर्दा यस वर्ष कार्बन डाइअक्साइड उत्सर्जनमा ठूलो उछाल आउन सक्छ । २०१९ को तुलनामा २०२१ मा कुल ऊर्जा उत्सर्जन थोरै कम भएपनि कार्बन डाइअक्साइडको उत्सर्जन भने बढ्ने देखाएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २०२० मा कोरोना महामारीले गर्दा आर्थिक गतिविधि सुस्त भएको कारण कार्बनडाइअक्साइड उत्सर्जनमा ५.८५ ले गिरावट आएको थियो तर वर्षको अन्त्यदेखि यो बढ्दै गएको छ । २०२० को डिसेम्बरमा उत्सर्जन बढेर २५ भएको थियो जुन २०१९ भन्दा धेरै हो ।

विश्वव्यापी तापक्रम वृद्धिले गर्दा हिमनदी तीव्र दरमा पग्लिएको छ । २१ औं शताब्दीको शुरूका दुई दशकमा एक वर्षमा २७० अरब टन बरफ पग्लिएको अनुसन्धानकर्ताहरूले बताएका छन् । पछिल्ला २० वर्षमा हिमनदीहरूले प्रतिवर्ष २६७ गिगाटन बरफ गुमाएको छ भने यो दशकमा लगभग ४८ गिगाटन हिमनदी द्रुत दरमा पग्लँदै छ । यसले भविष्यमा स्वच्छ पानीको स्रोतको अभाव हुने र समुद्र तटका अधिकांश मुलुक डुब्ने सम्भावना बढेको छ ।

जलवायु परिवर्तनलाई पराजित गर्न संसारका धनी राष्ट्रहरूले आफ्नो जीवनशैलीमा आमूल परिवर्तन गर्नुपर्दछ । संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वका धनी १५ राष्ट्रले गरीब ५० प्रतिशतले भन्दा दोबर कार्बन उत्सर्जन गर्छन् । विश्व मौसम विज्ञान सङ्गठनद्वारा प्रकाशित एक रिपोर्टमा अबको पाँच वर्षमध्ये कुनै एक वर्षमा विश्वव्यापी तापमान सीमामा पुग्ने सम्भावना बढ्दै गइरहेको उल्लेख छ । सो अध्ययनले २०२५ सम्म कम्तिमा एक वर्ष पूर्व औद्योगिक स्तरभन्दा १.५° तातो हुने ४० प्रतिशत सम्भावना रहेको बताएको छ । यो पेरिस सम्झौताले मौसम परिवर्तनमा तय गरेको दुई डिग्रीको तापमानको सीमाभन्दा कम हो ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको अनुसार विश्वले २०५० सम्म शून्य कार्बन उत्सर्जन प्राप्त गर्न २०२५ देखि सबै जीवाश्म इन्धन परियोजनाहरू खारेज गर्नुपर्ने हुन्छ । यस अनुसार विश्वभरि नयाँ पेट्रोल र डिजल कारहरूको बिक्री २०३५ सम्म समाप्त हुनेछ । एजेन्सीले आगामी तीन दशकमा जीवाश्म इन्धनको मागमा तीव्र गिरावट आउने र विश्वव्यापी ऊर्जा क्षेत्रले कार्बन तटस्थता प्राप्त गर्न २०४० सम्म म्याद राखिएको पूर्वानुमान गरेको छ । एजेन्सीका अनुसार अबदेखि नयाँ कोइला, तेल वा ग्याँस अन्वेषण वा आपूर्ति हुने छैन । ऊर्जा क्षेत्र हरित गृह ग्याँसको उत्सर्जनको ७५ प्रतिशत स्रोत रहेकोले नवीकरणीय ऊर्जामा लगानी वृद्धि गर्नुपर्ने देखिन्छ ।

### सकारात्मक प्रयासको थालनी

संयुक्त राष्ट्रसङ्घको एउटा प्रमुख रिपोर्टले छोटो अवधिमा मौसम परिवर्तनलाई नियन्त्रण गर्न मिथेन ग्याँसको उत्सर्जन घटाउन जोड दिएको छ । ग्लोबल वार्मिङको दर घटाउन जीवाश्म इन्धन उद्योगलगायत मिथेन उत्सर्जनमा ठूलो कटौती तुरुन्तै गर्नुपर्ने हुन्छ । कार्बन डाइअक्साइडको तुलनामा मिथेनको तापक्रम बढी हुने र वातावरणमा कार्बन डाइअक्साइडभन्दा धेरै छिटो फैलिने हुनाले मिथेन उत्सर्जन कम गर्न विश्वका नेताहरू सहमत भएका छन् । वातावरणीय चुनौतीको सामना गर्दै स्वच्छ विश्व निर्माणका लागि केही देशबाट सकारात्मक कार्यको थालनी भएको छ ।

युरोपियन आयोगका अनुसार युरोपेली सङ्घले वायु प्रदूषण, फोहोर र रसायन प्रयोगसम्बन्धी कडा नियमहरू बनाउने भएको छ । सदस्य राष्ट्रहरू र युरोपेली सङ्घ संसद्बीच सहमति भएको नयाँ कानून अन्तर्गत सन् १९९० को स्तरको तुलनामा २०३० सम्म कार्बन उत्सर्जन कम्तिमा ५५ प्रतिशत ले कटौती गर्ने उच्च लक्ष्य राखेको छ । युरोपेली सङ्घको कमिशन प्रमुख उर्सुला भोन डर लेनले भनेका छन्–"२०५० सम्म पहिलो जलवायु तटस्थ महादेश बन्ने हाम्रो राजनीतिक प्रतिबद्धता पनि अब कानूनी भएको छ ।"

कोरोनाका कारण जनजीवनमा प्रत्यक्ष असर परे पनि वातावरणीय स्वच्छतामा भने केही योगदान पुऱ्याएको देखिन्छ । गत वर्ष युरोपेली सङ्घमा जीवाश्म इन्धनको प्रयोगबाट हुने कार्बन उत्सर्जन घटेको छ । कोभिड–१९ का कारण जारी बन्दाबन्दीले गर्दा यस क्षेत्रमा यात्रा र कारखानाहरू बन्द भएका हुनाले उत्सर्जन घटेको अनुमान गरिएको छ । २०१९ को तुलनामा २०२० मा जीवाश्म इन्धन दहनबाट कार्बन डाइअक्साइड उत्सर्जनमा १० प्रतिशतले गिरावट आएको छ भने प्राकृतिक ग्याँस खपत १५ देशमा खस्किएको छ ।

२०२० मा बेलायतको हरितगृह ग्याँस उत्सर्जनमा ८.६५ ले गिरावट आएको छ । कोरोना महामारी नियन्त्रण गर्न विगत वर्षमा सरकारले उद्योग कलकारखाना र सवारी साधन बन्द गरेको थियो । त्यहाँको व्यापार, ऊर्जा र औद्योगिक रणनीति विभागको एक प्रारम्भिक रिपोर्ट अनुसार २०२० मा यो ठूलो गिरावट मुख्यतः देशव्यापी लकडाउनको क्रममा सडक यातायातको प्रयोगमा भएको ठूलो कटौती र व्यापार गतिविधिमा भएको कटौतीका कारण भएको हो । २०२० मा बेलायतको हरितगृह ग्याँस उत्सर्जन ४१४.१ मिलियन टन कार्बन डाइअक्साइड बराबर रहेको अनुमान गरिएको थियो भने अघिल्लो वर्ष त्यो ४५४.८ मिलियन थियो ।

विश्वको सबैभन्दा बढी प्रदूषक राष्ट्रको रूपमा रहेको चीनले प्रदूषणकारी आयोजनाहरूका लागि वातावरणीय स्वीकृति कडा पार्ने भएको छ । चिनियाँ वातावरण मन्त्रालयका अनुसार कार्बन विकासलाई निरुत्साहित गर्न चीनले स्टिल र एल्युमिनियमजस्ता उच्च ऊर्जा प्रयोग हुने र धेरै उत्सर्जन उत्पादन गर्ने उद्योगहरूमा नियन्त्रण कडा पार्ने योजना बनाएको त्यहाँको समाचार समिति सिन्ह्वाले जनाएको छ ।

केही दशकको औद्योगिक विस्तारपछि चीनले २०३० भन्दा अघि कार्बन उत्सर्जनमा कटौती शुरू गर्ने र २०६० सम्म कार्बन तटस्थ हुने वाचा गरेको छ । लक्ष्य पूरा गर्न चीनले प्रत्येक प्रान्तको वातावरण नियामकलाई स्थानीय उच्च ऊर्जा तीव्रता र उच्च उत्सर्जन परियोजनाहरूमा समन्वय र व्यवस्थापन गर्न आग्रह गरेको छ । चीनले यस दशकमा कार्बन उत्सर्जन रोक्न र नवीकरणीय ऊर्जातिर लाग्ने आफ्नो प्रतिबद्धता पूरा गर्न सक्रियता देखाएको छ । गत वर्ष बेइजिङले २०३० सम्म चरम उत्सर्जन प्रभावित पार्ने र २०६० सम्म कार्बन तटस्थ हुने घोषणा गरेको थियो । यसका लागि चीनले नवीकरणीय ऊर्जाको खपतलाई उच्च प्राथमिकतामा राखेको छ ।

राष्ट्रपति सी जिनपिङले प्रतिबद्धता व्यक्त गरेको लक्ष्यभन्दा पाँच वर्ष पहिले नै कार्बन उत्सर्जनमा उल्लेख्य कमी ल्याउन चीनियाँ ऊर्जा विज्ञहरू आशावादी छन् । उनीहरूका अनुसार २०२५ सम्ममैं देश कार्बन उत्सर्जनको चरम उचाइमा पुग्नेछ । राष्ट्रपति सीका अनुसार चरम कार्बन र कार्बन तटस्थता हासिल गर्नु संसारको लागि गम्भीर प्रतिबद्धता हो र यसले आर्थिक र सामाजिक रूपान्तरण ल्याउने छ । अहिले पनि चीनले विश्वमा सबैभन्दा बढी हरितगृह ग्याँस (२७ प्रतिशत) उत्सर्जन गर्दछ । सन् २०१९ मा अमेरिका ११ प्रतिशतले दोस्रो ठूलो उत्सर्जक थियो भने ६.६५ को साथ भारत तेस्रो स्थानमा थियो । वैज्ञानिकहरूले चेतावनी दिएका छन् कि अमेरिका र चीनबीच सहमति विना जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्न सम्भव छैन ।

यस्तै बेलायतले मौसम परिवर्तनसँग लड्न र २०५० सम्म शुद्ध शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न आगामी तीन वर्षमा रूख रोप्ने दर बढाउने योजना ल्याएको छ । बेलायतको पर्यावरण सचिव जर्ज युस्टिसले मे २०२४ सम्म वन क्षेत्र विस्तार दर तीन गुणा बढाउने र प्रतिवर्ष सात हजार हेक्टरका दरले बढाउने घोषणा गर्ने भनेका छन् । यसबाट ठूलो सङ्ख्यामा हरित रोजगार सिर्जना हुने बताइएको छ ।

सन् २०२० मा वायु र सौर्य ऊर्जाको वृद्धिसँगै अस्ट्रेलियाले कार्बन उत्सर्जनमा पाँच प्रतिशतले कमी ल्याएको छ । त्यहाँका ऊर्जामन्त्री अंगुस टेलरले एक विज्ञप्तिमा– "हामी २०३० को पेरिस लक्ष्य भेट्ने बाटोमा छौं, भनेका छन् । अघिल्लो वर्षको तुलनामा २०२० मा कार्बन डाइअक्साइड उत्सर्जन २६ मिलियन टनले घटेको उद्योग विभागले जनाएको छ ।

यता स्पेनको संसद्ले हालै २०५० सम्म युरोपियन युनियनको लक्ष्य अनुरूप कार्बन तटस्थता हासिल गर्ने स्वच्छ ऊर्जा विधयेकलाई अनुमोदन गरेको छ । यस कानून अनुसार २०४० देखि जीवाश्म इन्धन प्रयोग गर्ने गाडीको बिक्रीमा प्रतिबन्ध लगाइएको छ । स्पेनका प्रधानमन्त्री पेद्रो सान्चेजको अनुसार पृथ्वीको लागि, हाम्रो भविष्यको लागि र आउँदो पुस्ताका लागि स्पेनको मौसम कानूनले सबैका लागि हरियो, दिगो, निष्पक्ष र समृद्ध भविष्य निर्माण गर्न बल पुग्नेछ ।

संवैधानिक अदालतको निर्णयले गर्दा जर्मनीले ग्रीन हाउस ग्याँस उत्सर्जन घटाउने महत्त्वाकाङ्क्षी योजना घोषणा गरेको छ । अदालतका अनुसार सरकारले २०३० पछि कार्बन उत्सर्जन कसरी घटाउने कुरा प्रमाणित गर्न असफल भएको छ । अर्थमन्त्री ओलाफ स्कोल्जले जर्मनीले २०३० सम्म कार्बन उत्सर्जनमा ६५ प्रतिशत र २०४० सम्म ८८ प्रतिशत कटौती गर्ने लक्ष्य राखेको बताएका छन् । नयाँ लक्ष्य अन्तर्गत, जर्मनीले २०५० सम्म शुरूमा बनाएको योजना घटाएर २०४५ सम्म लगभग शून्य उत्सर्जनको लक्ष्य राखेको छ । जर्मनीको कार्बन डाइअक्साइड उत्सर्जन १९९० को स्तर भन्दा ४० प्रतिशतभन्दा कम भइसकेको छ ।

फिलिपिन्सले हरितगृह ग्याँस उत्सर्जनलाई २०३० सम्म ७५ प्रतिशतसम्म कटौती गर्ने लक्ष्य लिएको छ । फिलिपिन्सले चार वर्ष अघि जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको प्रतिबद्धतामा ७० प्रतिशत लक्ष्य तय गरेको थियो । अहिले यो लक्ष्य ५ प्रतिशतले बढाएर ७५ पुऱ्याएको छ । फिलिपिन्सले २०१७ मा पेरिस सम्झौता अनुमोदन गरेर मनिलालाई हरित मौसम कोषमा पहुँच प्रदान गरेको थियो ।

यता आयरल्यान्ड सरकारले २०५० सम्म कार्बन तटस्थतामा पुग्ने लक्ष्यसहित २०३० सम्म हरितगृह ग्याँस ५१ प्रतिशत कटौती गर्ने बाध्यकारी लक्ष्य स्थापना गर्ने कानूनलाई अनुमोदन गरेको छ । सरकारले हालै एक विज्ञप्ति जारी गरी प्रारम्भिक कटौतीलाई पाँच वर्षे कार्बन बजेटमार्फत २०१८ लाई आधारभूत वर्षको रूपमा प्रयोग गरी अर्थ व्यवस्थाको प्रत्येक क्षेत्रको उत्सर्जन उचाइका साथ कार्यान्वयन गरिने भनेको छ ।

(बाँकी अन्तिम पातामा)

## महानगरका वडामा बालपोषण कार्यक्रम शुरू

प्रस, वीरगंज, २० जेठ/

वीरगंज महानगरपालिकाका ३२ वटै कार्यक्रम अन्तर्गत पहिलो चरणमा बिहीवारदेखि सबै वडामा महानगर प्रमुख


अभिभावकलाई पोषण आहार वितरण गर्दै नगरप्रमुख सरावगी । तस्वीरः सौजन्य

वडामा बालपोषण कार्यक्रम शुरू भएको छ । बालबालिकाको शारीरिक र मानसिक विकासका लागि बालपोषण कार्यक्रम शुरू गरिएको नगरप्रमुख विजयकुमार सरावगीले बताए ।

उनले महानगरका ६ देखि २३ महीनासम्मका ८ हजार २ सय ३० बालबालिकाको शारीरिक र मानसिक विकास बढाउने उद्देश्यले बालपोषण कार्यक्रम सञ्चालन गरिएको बताए । सरावगीले पौष्टिक आहार वितरण गरेका थिए। उनले यस कार्यक्रम अन्तर्गत २४ हजार ६ सय ९० किलो पौष्टिक आहार बालबालिकालाई वितरण गरिने बताए। दोस्रो चरणमा २७ हजार ६ सय ९० किलो पौष्टिक आहार वितरण गरिने नगरप्रमुख सरावगीले बताए ।

कार्यक्रममा महानगरको स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख अरुण महतोलगायतको सहभागिता थियो ।

## खोपमा अनियमितता गरेको आरोपमा स्वास्थ्य शाखा प्रमुखलाई कारबाई

प्रस, सिराहा, २० जेठ/

लहान नगरपालिकाले खोपमा अनियमितता गरेको आरोप लगाउँदै स्वास्थ्य शाखा प्रमुख रामसुन्दर यादवलाई हटाएको छ।

नगर प्रवक्तासमेत रहेका लहान–११ का अध्यक्ष राजकुमार साहका अनुसार नगरस्तरीय कोरोना राहत कोष व्यवस्थापन समितिको बैठकले बुधवार नगर स्वास्थ्य शाखा प्रमुख यादवलाई जिम्मेवारीबाट हटाउँदै कारबाई र छानबीनका लागि स्थानीय प्रशासन र प्रहरीलाई पत्राचार गरेको छ ।

नगर क्षेत्रभित्रका स्वास्थ्यकर्मी, सरसफाइकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र सुरक्षाकर्मीलाई लगाइनुपर्ने खोप अनियमित ढङ्गले अरूलाई लगाएको भन्दै प्रमुख यादवलाई जिम्मेवारीबाट हटाइ थप कारबाई गर्न छानबीनका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पत्राचार गर्ने निर्णय गरिएको प्रवक्ता साहले बताए ।


तस्वीरः फाइल

यता प्रमुख यादवले महामारीका बेला ज्यान जोखिममा राखेर सङ्क्रमितको पहिचान, उपचारमा खटिरहेका स्वास्थ्यकर्मीलाई हतोत्साही बनाउन खोजेको बताए । उनले फागुन २३ गते पहिलो डोज लगाएका व्यक्तिलाई जेठ १८ मा लगाएको कोभिसिल्ड दोस्रो डोजको विषयमा बुधवार स्पष्टीकरणपत्र दिइएकोमा त्यसको जवाफ दिएको बताए।

उनले सरकारले तोकेको मापदण्ड अनुसार तोकिएको खोप केन्द्र नगर प्रहरी चौकीमा कोभिसिल्डको दोस्रो डोज खोप दिएको बताए। जिल्ला कोभिड फोकल पर्सन भेक्टर कन्ट्रोल निरीक्षक चन्देश्वर यादव र जनस्वास्थ्य निरीक्षक सञ्जयकुमार साहसमेतको समन्वयमा स्वास्थ्यकर्मीहरूले लक्षित समूहलाई दोस्रो डोज खोप लगाएको उनले बताए।

यस विषयमा जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रका संयोजक प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले महामारीको बेला खोपमा अनियमितता नहोस् भन्ने उद्देश्यले सरकारले तोकेको निर्देशिका अनुसार सम्बन्धित स्थानीय तह, स्वास्थ्य कार्यालय, स्थानीय प्रहरी र सरोकारवालाहरूको छलफलको आधारमा खोप केन्द्र तोकिएको बताए। लहानको नगर प्रहरी चौकीमा रहेको खोप केन्द्रमा जिल्लाबाट आएको खोप लक्षित समूहलाई लगाइदिने स्वास्थ्यकर्मी र समन्वयको भूमिकामा रहेका स्वास्थ्य शाखा प्रमुखले तलमाथि गर्न नसक्ने उनले बताए ।

प्रजिअ कँडेलले केही व्यक्तिले सामाजिक सञ्जालमा खोप बिक्री गरेको भन्ने हावादारी कुरा गरेकाले त्यस्ता कुराको पछि नलाग्न आग्रह गरे ।

## ३ सय कार्टुन मदिरा बरामद

प्रस, वीरगंज, २० जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले सोबाट साढे १० लाख मूल्यबराबरको कस्तुरी मदिरा बरामद भएको जिप्रका


तस्वीर सौजन्यः जिप्रका पर्सा

बिहीवार दिउँसो ३ सय कार्टुन कस्तुरी मदिरा बरामद गरेको जनाएको छ । इलाका प्रहरी कार्यालय पोखरियाको टोलीले सूचनाको आधारमा नेपालबाट मदिरा भारत लैजाने क्रममा प्रदेश २–०३–००१ थ ०००१ नम्बरको ट्याक्टरलाई दशगजाबाट नियन्त्रणमा लिएको र पर्साले जनाएको छ।

दशगजा क्षेत्रमा ट्याक्टर छाडेर चालक फरार भएको र ट्याक्टर चेकजाँच गर्दा ३ सय कार्टुन कस्तुरी मदिरा बरामद भएपछि ट्याक्टर र मदिरालाई कारबाईको लागि वीरगंज भन्सार पठाइएको छ।

## निषेधाज्ञा अवज्ञा गर्ने व्यवसायीहरू पक्राउ

प्रस, सप्तरी, २० जेठ/

जिल्ला प्रशासन कार्यालय, सप्तरीले लगाएको निषेधाज्ञा अवज्ञा गरी पसल सञ्चालन गर्ने १५ जना व्यवसायीलाई कारबाई गरेको छ ।

राजविराजमा किराना, माछा, सैलुन, मासु, मिठाइ, हार्डवेयर, कस्मेटिक, फलफूललगायतका पसल सञ्चालन गर्ने १५ जना व्यवसायीलाई पक्राउ गरेको सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए। पक्राउ परेकाहरूलाई कोभिड–१९ सङ्कट व्यवस्थापन अध्यादेश–२०७८ बमोजिम जिल्ला प्रशासन कार्यालय सप्तरीबाट जरिवाना तिराएर छाडिएको प्रनाउ काफ्लेले बताए ।

## एम्बुलेन्स दुर्घटनामा थिङको मृत्यु

प्रस, मकवानपुर, २० जेठ/

हेटौंडा उपमहानगरपालिका–११ नवलपुरमा एम्बुलेन्स र ट्रक ठोक्किंदा एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

मृत्यु हुनेमा सर्लाहीको वाग्मती नगरपालिका–४ का ६६ वर्षीय जीतबहादुर थिङ रहेको जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । थिङको भरतपुरबाट कोरोना सङ्क्रमणको उपचारपछि निको भई एम्बुलेन्समा घर फर्किने क्रममा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

थिङ चढेको प्र १००५ च ३६३८ नंको एम्बुलेन्सले सोही दिशाबाट हेटौंडातर्फ आउँदै गरेको ना.६ख ४३८० नंको ट्रकसँग ठोक्किएर दुर्घटना भएको थियो। एम्बुलेन्समा सवार अन्य तीनजना घाइते भएका र उनीहरूको हेटौंडाको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ।

## वागमती प्रदेशमा २४ घण्टामा २० जनाको निधन

प्रस, मकवानपुर, २० जेठ/

कोरोना सङ्क्रमणका कारण वाग्मती प्रदेशमा पछिल्लो २४ घण्टामा थप २० जनाको निधन भएको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार कोरोना सङ्क्रमणका कारण प्रदेशका १३ जिल्लामा नौ महिला र ११ पुरुष गरी कुल २० जनाको निधन भएको छ।

मन्त्रालयका अनुसार निधन हुनेमा काठमाडौंमा पाँच, ललितपुरमा चार, रामेछापमा तीन, काभ्रेमा दुई, धादिङ, नुवाकोट र भक्तपुरमा एक/एक रहेका छन् । वाग्मती प्रदेशमा कोरोना सङ्क्रमणबाट हालसम्म दुई हजार ४४४ जनाको मृत्यु भएको छ ।

**पर्सामा.......**

कोभिडविरुद्ध खोप लिएका थिएनन्। ११ गते भर्ना भएका यिनमा १९ गते सङ्क्रमण पुष्टि भएको थियो। यसैगरी, रौतहटको धाराहरि नगरपालिका–९ निवासी ४५ वर्षीया महिलाको आज दिउँसो २:३० बजे निधन भएको छ । वैशाख २७ गते सङ्क्रमण भएपछि भर्ना भएकी उनको आज निधन भएको हो । यी महिलाले पनि कोरोनाविरुद्धको खोप लिएकी थिइनन् ।

**वातावरणीय.............**

आगामी नोभेम्बरमा ग्लासगोमा आयोजना हुन लागेको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलन (कोप २६) का प्रमुख आलोक शर्माले विश्वव्यापी वातावरणीय सन्तुलन कायम राख्न कोइलाको प्रयोग निषेध र नवीकरणीय ऊर्जा बढाउनुपर्ने बताएका छन् । बिबिसीका अनुसार उनले समृद्ध देशहरूलाई ताप–बिजुली उत्पादन अन्त्य गर्न आग्रह गर्नेछन्। उनले धनी राष्ट्रहरूले गरीब राष्ट्रहरूलाई मदत गर्नुपर्ने पनि बताएका छन् । उनले बैंक र वित्तीय संस्थाहरूलाई कोइलाबाट चल्ने विद्युत् केन्द्रहरू बनाउन देशलाई पैसा ऋण नदिन पनि आग्रह गरेका छन् ।

**–विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्थाहरूको सहयोगमा**

## अस्पताललाई स्वास्थ्य सामग्री सहयोग

प्रस, महोत्तरी, २० जेठ/

विभिन्न संस्थाले बर्दिबास अस्पताललाई रु २० लाखबराबरको स्वास्थ्य सामग्री सहयोग गरेका छन् ।

कारितास नेपाल, कारितास जर्मनी, आड्रा नेपाल र स्वीस सोलिडारिटीलगायत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले बर्दिबास अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेका हुन् ।

सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवका अनुसार स्वास्थ्य सामग्री अस्पताल विकास समितिका अध्यक्ष तथा बर्दिबासका नगरप्रमुख विदुरकुमार कार्कीलाई हस्तान्तरण गरिएको बताए।

कोभिड–१९ को उपचार गर्दै आएको अस्पताललाई कारितास नेपाल र कारितास जर्मनीले रु १६ लाख ४७८ तथा आड्रा नेपाल र स्वीस सोलिडारिटीले रु दुई लाख १३ हजार ४९७ मूल्यबराबरका स्वास्थ्य सामग्री प्रदान गरिएको उनले बताए । अक्सिजन कन्सेन्ट्रेटर मेशिन, नेबुलाइजर मेशिन, पल्स अक्सिमिटर, प्रोटेबल सक्सेन मेशिन, अक्सिजन सिलिन्डर, सेनिटाइजर, भिटिएम ट्युब, एन्टिजेन किट, एक्सट्रक्शन किट, पिपिई सेट, थर्मलगन, सर्जिकल ग्लोब्स, सर्जिकल मास्क र एन–९५ मास्कलगायत सामग्री हस्तान्तरण गरिएको अस्पतालका जनस्वास्थ्य निरीक्षक तथा कोभिड–१९ स्रोत व्यक्ति रामबाबू यादवले बताए ।

यसैगरी, सामुदायिक विकास तथा पैरवी मञ्च नेपालको समन्वयमा हेल्भेटास अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यसै साता अस्पताललाई रु १२ लाख मूल्य बराबरका यस्तै स्वास्थ्य सामग्री प्रदान गरेका थिए । यसैगरी, बिहीवार कारितास नेपाल र कारितास जर्मनीले गौशाला नगरपालिका–१२ स्थित कोभिड–१९ आइसोलेशन सञ्चालन गरेको स्वास्थ्यचौकी इमलीबजारलाई रु पाँच लाख मूल्यबराबरको स्वास्थ्य सामग्री प्रदान गरेका छन् ।

यस्तै, आड्रा नेपाल र स्वीस सोलिडारिटीले छिमेकको धनुषा जिल्लामा पर्ने बटेश्वर स्वास्थ्यचौकीलाई करीब रु ३७ हजार मूल्यबराबरको स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

प्रस, सप्तरी, २० जेठ/

डाक्नेश्वरी नगरपालिकामा बिहीवार एकजना महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

तरकारी टिप्न खेतमा गएकी डाक्नेश्वरी नगरपालिका–३ तरहिकी ५५ वर्षीया इनरदेवी रायको करेन्ट लागेर मृत्यु भएको पूर्व गाविस अध्यक्ष शोभानन्द रायले बताए ।

जङ्गली जनावरबाट सुरक्षाको लागि खेतमा बिछ्याइएको नाङ्गो तारमा करेन्ट लागेर महिलाको मृत्यु भएको मृतकका पति रामवृक्ष रायले बताए । शव परीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा लगिएको प्रहरीले जनाएको छ ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## वैवाहिक वर्षगाँठको शुभकामना


पद्मा पोखरेल उपाध्याय र गुरुदेव उपाध्याय

हाम्रा पूजनीय आमा/बुबा **पद्मा पोखरेल उपाध्याय र गुरुदेव उपाध्याय**को २५औं वैवाहिक वर्षगाँठको बधाई ज्ञापन गर्दै सफल दाम्पत्य जीवन, सुस्वास्थ्य, दीर्घायु र प्रगतिको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**छोरीः अङ्किता अधिकारी** **छोराः गुञ्जन अधिकारी**


### स्वास्थ्य नै ठूलो धन हो ।

कोभिड–१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरू अनिवार्य रूपमा पालना गरौं ।

- अत्यावश्यक कामबाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्लाभित्रका कोभिड–१९ सङ्क्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवतजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवतजावत गर्दा अनिवार्यरूपमा मास्क लगाऔं ।
- अनावश्यक भीडभाड नगरी, भौतिक दूरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानूनबमोजिम तत्काल कारबाई गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग